नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वियन एकाई, भक्तपुर
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ र ललितपुर)

☏०१-५७०८१००
Email:pmamp.piu.bhaktapur@gmail.com
Website: piubhaktapur.pmamp.gov.np

सुर्यविनायक न.पा.-५, चुनदेवी

सूचना नं.: ९

परियोजना कार्यान्वयन एकाई, भक्तपुर अन्तर्गत संचालन हुने

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/११/११)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वियन एकाइ- भक्तपुर को चालु आ व ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उधमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम योग्यता पुगेका इच्छुक कृषि उधमी/युवा/फर्महरुको तपशिलमा उल्लेखित आवश्यक कागजत सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अर्थात (मिति २०८०/१२/१० गते भित्र\सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) यस कार्यालयमा अनुसूचि-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल :

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका सदस्यहरुबाट संचालित कृषक समूह, कृषि सहकारी, र निजी कृषि फर्म/कम्पनीहरु | काठमाडौं ललितपुर भक्तपुर जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि,२०८० को दफा ६ मा उल्लेख भए बमोजिमका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरुमा संचालन गरिने। | -प्रति प्रस्ताव बढीमा चार लाख रुपैया सम्म।<br>-स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप शोधभर्ना गरिने। |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० बर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.ब. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु(Audit Report)।
(५) स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि।
(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिस पत्र।
(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी फोटोसहितको परिचयपत्रको प्रतिलिपि।
(८) सम्बन्धित स्थानीय तहको कृषि तथा पशुपन्छी शाखाको सिफारिस पत्र

**आवेदन पेश गर्ने कार्यालय:**
परियोजना कार्यान्वयन एकाइ- भक्तपुर,
सुर्यविनायक न.पा.-५, चुनदेवी, भक्तपुर
संपर्क नंबर : ०१-५७०८१००
सूचना अधिकारी : ९८५११४२१३१

२०८०।११।११
चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

नोटः अनुसूचि-२ अनुसारको आवेदन तथा अनुसूचि-३ अनुसारको कार्यक्रम संचालन सम्बन्धी प्रस्तावना पत्र परियोजना कार्यान्वयन एकाइ- भक्तपर वा यस कार्यालयको बेवसाइट **piubhaktapur.pmamp.gov.np** बाट प्राप्त गर्न सकिने छ।